# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

(मितिः २०७८/८/२९)

मिति २०७८।०६।०८ गते का.जि.चन्द्रागिरी न.पा. वडा नं.२ नागढुङ्गा चेक प्वाईन्टमा सवारी साधनहरु चेक जाँच गर्ने पक्राउ परेका भारतीय नागरीकहरु सागर मालि भन्ने सागर सिताराम लोखण्डेको झोलाबाट रु.५०,००,०००।- (पचास लाख) र कृष्ण अढाडे भन्ने कृष्ण आदातेको झोलाबाट रु. ४५,००,०००।- (पैतालिस लाख) गरी रु.९५,०००,०००।-(पन्चानव्वे लाख) बरामद भई सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धानका लागि यस विभागमा प्राप्त सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा सो बरामदि रकम स्थानान्तरण गर्ने कार्यमा संलग्न प्रतिवादीहरु भारतीय नागरिक सागर माली र कृष्ण अदाढेले सो रकम चितवनमा गुरुकृपा सुनचाँदी पसल संचालन गरी बस्ने विलास हनुमन्त यादवले राजश्व चुहावट समेतको सम्बद्ध कसुरबाट प्राप्त गरेको सो सम्पत्तिको गैरकानूनी स्रोतको रकमलाई नगदमै स्थानान्तरण गरी गराई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) देहाय खण्ड(क)(ख)(ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको बारदात कायम हुन आएकाले प्रतिवादीहरुमध्ये विलास हनुमन्त यादवलाई वीगो रु. ९५०००००।- कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन, प्रतिवादी सागर माली भन्ने सागर सिताराम लोखण्डे उपर सम्पत्ती शुद्धीकरण (मनी लाउडरिङ्ग) निवारण ऐन २०६४ को दफा ३(१)(क)(ख)(ग) र ३(३) बमोजिमको कसूरमा सोही ऐनको दफा ३०(१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ३४(१)(क) बमोजिम गैरकानूनी स्रोतबाट प्राप्त निज प्रतिवादीबाट बरामद भएको उक्त रू.५०,००,०००।—(पचास लाख) जफत गरी पाउन र अर्का प्रतिवादी प्रतिवादी कृष्ण आदाडे भन्ने कृष्णदेब बिठ्ठल आदाटेलाई वीगो रु. ४५०००००।- कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउडरिङ्ग) निवारण ऐन,२०६४ को दफा ३(१)(क)(ख)(ग) र ३(३) बमोजिमको कसूरमा सोही ऐनको दफा ३०(१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ३४(१)(क) बमोजिम प्रस्तुत मुद्दामा गैरकानूनी स्रोतबाट प्राप्त एवं निज प्रतिवादीबाट बरामद भएको रकम रु. ४५०००००।- जफत गरी पाउन मागदावी लिई आज मिति २०७८/८/२९ गतेका दिन सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।